कृषि, वन तथा मत्स्यपालन मन्त्रालय प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र

# महत्त्वपूर्ण सूचना

## जापानमा बिरुवाहरू ल्याउन निरीक्षण प्रमाणपत्र आवश्यक पर्दछ

बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन अनुसार, जापानमा बिरुवाहरू* ल्याउनको लागि निर्यात गर्न देशको सरकारी निकायद्वारा जारी गरिएको निरीक्षण प्रमाणपत्र (Phytosanitary certificate) संलग्न गरेर आयात निरीक्षण गर्नुपर्छ।

जापानमा ल्याउन निषेध गरिएको बिरुवाहरू पनि छन् (पछाडि हेर्नुहोस्)।

*फलफूल, तरकारी र अन्न आदिका साथै काटिएका फूलहरू, बीउहरू, बिरुवाहरू र बिरुवाहरूबाट बनेका केही प्रशोधित उत्पादनहरू पनि समावेश छन्।
साथै निरीक्षण प्रमाणपत्र आवश्यक नपर्ने बिरुवाहरू (आयात निरीक्षण आवश्यक पर्दछ) र निरीक्षण प्रमाणपत्र तथा आयात निरीक्षण आवश्यक नपर्ने बिरुवाहरू पनि छन् (पछाडि हेर्नुहोस्)।

निरीक्षण प्रमाणपत्र संलग्न नभएका बिरुवाहरूलाई बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन बमोजिम नष्ट गरिनेछ।
निरीक्षण प्रमाणपत्र संलग्न नगरी आयात गरेमा वा आयातको समयमा निरीक्षण नगरेमा ३ वर्ष वा सोभन्दा कम कैद वा ३० लाख येन वा सोभन्दा कम (निगमहरूको लागि ५ करोड येन वा सोभन्दा कम) जरिबाना सजाय तोकिन सक्छ।

**बिरुवाको रोग र हानिकारक किरा प्रवेश विरुद्ध सतर्क रहँदै छ**

MAFF
Ministry of Agriculture, Forestry and Fisheries
農林水産省

## जापानमा ल्याउन निषेध गरिएका प्रमुख बिरुवाहरू

- भूमध्यसागरीय फलफूल झिंगा र पूर्वीय फलफूल झिंगा पाइने देश र क्षेत्रका धेरैजसो फलफूल र तरकारीहरू (जस्तै सिट्रस फलफूल र आँप आदि)
- कोडलिङ पुतलीबाट प्रभावित देश र क्षेत्रहरूबाट स्याउ, चेरीका फल र बोक्रा भएको ओखर आदि

*यसका साथै विश्वभर गम्भीर क्षति पुऱ्याउने तर जापानमा नदेखिने रोग र हानिकारक कीराहरू प्रचलित रहेका देशहरू र क्षेत्रहरूबाट धेरै बिरुवाहरूको आयात निषेध गरिएको छ।
थप जानकारीको लागि, प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रमा सम्पर्क गर्नुहोस्।


भूमध्यसागरीय फलफूलको झिंगा


पूर्वीय फलफूलको झिंगा


कोडलिङ पुतली

## निरीक्षण प्रमाणपत्र आवश्यक नपर्ने बिरुवाहरू (आयात निरीक्षण लिनु आवश्यक छ)

धुलो खुर्सानी, टिमुर, काटेर सुकाएको मूला, निगुरो, औषधी जन्य जिन्सेङ, कमलको बीउ, स्टार एनिज, कच्चा कफीको गेडा र सूर्यमुखीको बीउ (खान योग्य) जस्ता सुकेका वा जमेका वस्तुहरू र खेतीजन्य, दाना, मल वा कृषि तथा वन उत्पादन सामग्रीको लागि प्रयोग नगरिने वस्तुहरू

*नोट: अन्नहरू (चामल, कोदो, मकै, फापर, गहुँहरू आदि), गेडागुडीहरू (सोयाबिन, अजुकी सिमी, बदाम आदि), काठ, काकाओको गेडा, तिल, सुकाएको इमली, धनियाँ, केही सुकाएको फूल, जडीबुटी औषधि र मसलाहरू सुकाएको भए पनि निरीक्षण प्रमाणपत्रहरू संलग्न हुनुपर्छ। थप जानकारीको लागि, प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रमा सम्पर्क गर्नुहोस्।

## निरीक्षण प्रमाणपत्र वा आयात निरीक्षणको संलग्नता आवश्यक नपर्ने वस्तुहरू

- प्रशोधित काठ
- प्रशोधित चिया
- अल्कोहल, एसिटिक एसिड, चिनीमा भिजाइएका बिरुवाहरू आदि

## प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रको मुख्य सम्पर्क ठेगाना

**योकोहामा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र**
＋８１－４５－２１１－７１５３

**नागोया प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र**
＋８１－５２－６５１－０１１２

**कोबे प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र**
＋８１－７８－３３１－２３８６

**मोजी प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र**
＋８１－９３－３２１－２６０１

**नाहा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन कार्यालय**
＋８１－９８－８６８－２８５０

परामर्श https://www.contactus.maff.go.jp/j/pps/form/qa_e.html